# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, वैशाख २९ गते २०३९ साल (अतिरिक्ताङ्क ५ + (ख)

श्री ५ को सरकार

### पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले वर्गीय संगठन ऐन, २०३६ को दफा १८ र २० को प्रयोजनको लागि देहायको आदेश जारी गरेको छ ।

(१) नेपाल मजदूर संगठनको तीन समूहको छुट्टा छुट्टै प्रारम्भिक कार्य समिति गठन हुने हुनाले यसरी गठन भएका प्रारम्भिक कार्य समितिका सबै सभापतिहरू सम्बन्धित गाउँ पञ्चायतको पदेन सदस्य हुने र उनिहरूले जिल्ला पञ्चायतको सभापति, उप-सभापति र सदस्य पदका लागि मतदान गर्न पाउने,

(२) मजदूर संगठनको प्रारम्भिक परिषद् कुनै समूहको व्यवस्थापनको अभावमा गठन गर्न नसकिने स्थिति परेमा वर्गीय संगठन निर्वाचन अधिकृतले स्थानीय जुनसुकै व्यक्तिहरूलाई तोकी सो समूहको प्रारम्भिक परिषद् गठन गराउन पर्नेछ ।

आज्ञाले,

रामनारायण श्रेष्ठ

श्री ५ को सरकारको सचिव

११३

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।